प्रस्तावहरु :

१. समिक्षा सम्वन्धमा ।

२. योजना सम्झौता सम्वन्धमा ।

३. प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०७/१३ गतेको कार्यपालिका वैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

तपसिल

१. आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं. ८ मा बराङ्दी स्वास्थ्य चौकीको भवन र वडा नं. ६ दर्पुगमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्नका लागि थप नपुग रकम उपलब्ध गरिदिनुहुनका लागि लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

२. वडा नं १ को तानसेन चुहारे खोला ,वडा नं २ को तिनाउ नदी क्षेत्रमा पर्ने बगर क्षेत्र तथा कालीगण्डकी नदी क्षेत्रका वडा नं. ६ र ७ का बगर क्षेत्रको नदीजन्य पदार्थ निकासी गर्नै आवश्य व्यवस्था मिलाउन दैनिक रुपमा पटके रसिद काटी नदीजन्य पदार्थ निकासी कार्य गराउनको लागि वडा कार्यालयलाई सिफारिस गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरुको मिति २०८२/०६/१६ गतेदेखि वडा नं.१-७ सम्म प्राविधिक लागत अनुमान तयार भई सकेका आयोजना तथा कार्यक्रमको योजना सम्झौता सम्पन्न भई सकेको र बाँकी रहेका वडा नं. ८-९ मा मिति २०८२/०८/०४ गतेदेखि२०८/०५ सम्म बराङ्दी र चापपानीमा क्रमश वडा कार्यालयहरुमै गई योजना सम्झौता तथा वैंक खाता खोल्ने कार्यक्रम संचालन गर्ने साथै आवश्यक कागजात सहित जानकारीका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को पहिलो चौमासिक कार्यक्रमको सार्वजनिक सुनुवाई तपसिलको मिति, समय र स्थानमा बगनासकाली पत्रकार समूहलाई संचालन गर्नका लागि अनुमति प्रदान गरी सम्पन्न गर्ने निर्णय गरियो ।

तपसिल

मिति : २०८२/०८/१५ गते

स्थान : गाउँपालिकाको सभाहल

समय : बिहान ठिक ११:०० बजे